# प्रदेश लोक सेवा आयोग

## प्रदेश नं. २, जनकपुरधाम

### प्रेश विज्ञप्ति

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को परिच्छेद १२, दफा ६६ को व्यवस्था बमोजिम मिति २०७८ असोज १८ गते सोमबारका दिन माननीय प्रदेश प्रमुख समक्ष २०७७ साल साउन १ गते देखि २०७८ साल असार मसान्तसम्म आयोगबाट सम्पादित काम कारवाहीहरू समेटिएको दोश्रो वार्षिक प्रतिवेदन पेश गरिएको छ । प्रतिवेदनमा आयोगको गठन र कार्यक्षेत्र, आयोगको कार्यसम्पादनका आधारहरू, प्रशासनिक तथा वित्तीय स्थिति, परीक्षण प्रविधि, शैक्षिक योग्यता र पाठ्यक्रम, विज्ञापन र दरखास्त, परीक्षा र परीक्षण, अन्तर्वार्ता र सिफारिस, सुरक्षा निकाय र संगठित संस्थाको पदपूर्ति, परामर्श र उजुरी, ध्यानाकर्षण र सुझाब शिर्षकका १० परिच्छेदहरूमा प्रस्तुतिकरण समेटिएको छ ।

**आर्थिक वर्ष २०७७/०७८ मा सम्पादित मुख्य कार्यहरु देहाय अनुसार रहेका छन् ।**

- प्रदेश सरकारबाट २१ (एक्काइस) जनाको अस्थायी दरबन्दी संरचना मात्रै स्वीकृत भई हाल काजका ६ (छ) जना र करारका ५ (पाँच) जना कर्मचारीहरू आयोगको कार्यसम्पादनमा संलग्न रहेका छन् ।
- प्रतिवेदन अवधिमा विभिन्न सेवाका र विभिन्न तहका पदका लागि ८५ वटा पाठ्यक्रमहरू निर्माण भएको छ ।
- आयोगको मिति २०७८।०२।२४ गतेको निर्णयबाट प्रदेश निजामती सेवा ऐन, २०७७ मा व्यवस्था भए बमोजिम प्रतिशत निर्धारण मापदण्ड, २०७८ आयोगवाट स्वीकृत भएको छ ।
- प्रदेश निजामती सेवा ऐन, २०७७ राजपत्रमा प्रकाशन भएपछि आयोगवाट मिति २०७८।१।१२ मा पदपूर्ति सम्वन्धी कार्यतालिका स्वीकृत गरि विज्ञापन लगायतका काम कारवाही अगाडि वढाईएको छ ।
- बढुवा, अन्तर सेवा, तथा खुला र समावेशी तर्फ विज्ञापन भएका कुल १ सय ६५ विज्ञापनहरूबाट २ सय ७२ पदहरूको विज्ञापन यस अवधिमा प्रकाशन भएका छन् । यसमध्ये बढुवा तर्फ १ सय १३ पद, अन्तर सेवा तर्फ १४ पद, खुला तर्फ ९५ पद र समावेशी समूहहरू तर्फ ५० पदहरूको विज्ञापन भएको छ ।
- प्रकाशित विज्ञापनमा पर्न आएका दरखास्त फारमहरू स्विकृत गर्ने काम भइ रहेको छ ।

- मिति २०७७।११।२२ र २९ गते अधिकृत सातौं तह इञ्जिनीयरीङ्ग सेवाको २३४८ जना परीक्षार्थीको लागि संचालित लिखित परीक्षामा १०९६ परीक्षार्थीहरू सम्मिलित भएका थिए ।
- लोक सेवा आयोग अनुसारको परिश्रामिक दररेट प्रदेश सरकारले स्विकृत गरेको छ।
- प्रदेश लोक सेवा आयोग नियमावली, २०७८ प्रदेश राजपत्रमा प्रकाशन भएको छ ।
- ppsconline.p2.gov.np सहज अनलाइन फारम भर्ने सम्वन्धी आयोगले आधिकारिक वेव साइट प्रयोगमा ल्याएको छ ।
- दक्ष र विज्ञको सूचीमा नाम आयोगमा सूचीकृत गर्न आयोगको वेवसाइट ppsc.p2.gov.np मा अनलाइन फारम भर्ने व्यवस्था मिलाइएको छ ।
- कार्यसम्पादनको सिलसिलामा प्रतिवेदन अवधिमा कुल १०२ पटक आयोगको बैठक बसी विभिन्न विषयहरूमा जम्मा २८२ वटा निर्णयहरू लिइएका छन् ।
- लिखित परीक्षा संचालनभएका पदहरूको उत्तरपुस्तिका परीक्षण भईरहेको छ ।
- प्रदेश स्तरीय सम्पूर्ण मन्त्रालयका सचिवज्यूहरू सँग कर्मचारीहरूको कार्यविवरण र अवश्यकता सम्वन्धमा घनिभुत छलफल भएको छ ।
- विज्ञापित पदहरूको परीक्षा संचालन सम्वन्धी तालिका प्रकाशन र लिखित परीक्षा संचालन आयोगको प्राथमिकताको कार्यसूचीमा रहेका छन् ।

यस अवधिमा पर्न आएका दरखास्तहरूको वर्गीकरण लिङ्ग, जात, जिल्ला, उमेर, वैवाहिक स्थिति, धर्म, भुगोल, समूह/वर्ग, रोजगारी, मातृभाषा, अपाङ्गता, शैक्षिक संकाय, शैक्षिक योग्यता, शैक्षिक संस्थाको प्रकार, शैक्षिक संस्थाको नाम, अभिभावकको योग्यता र अभिभावकको पेशाको आधारमा प्रतिवेदनमा प्रस्तुत गरिएको छ ।

आयोगको क्षेत्राधिकार भित्र पर्ने विषयहरूमा आयोगसँग परामर्श नै नलिईएको सम्वन्धमा प्रदेश सरकार गम्भीर बन्ने अपेक्षा समेत यस प्रतिवेदनमा प्रस्तुत गरिएको छ । यसका साथै केही महत्वपूर्ण नीतिगत विषयहरूमा यस प्रतिवेदन मार्फत प्रदेश सरकारलाई सुझावहरू दिईएको छ ।

प्रदेश लोक सेवा आयोग प्रदेश नं. २ जनकपुरधाम, धनुषा

६।१८

(गंगेश गुंजन झा)

२०७८ साल असोज १८ गते सोमबार ।

अधिकृत आठौं एवम् प्रवक्ता